# भोटेकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यलय
## फुल्पिङकट्टी, सिन्धुपाल्चोक
## बागमाती प्रदेश, नेपाल

## ठेक्का सम्झौता अन्त्य गर्नुपूर्व जारी गरिएको सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८२/०२/०१**

यस भोटेकोशी गाउँपालिकासँग तपसिल बमोजिमको निर्माण कार्य गर्न मिति २०८०/११/०६ सम्झौता गरेको तपसिल बमोजिमको निर्माण कम्पनीले सम्झौता बमोजिमको काम नै सुरु नगरेको कारण मिति २०८१/०८/१६ (च.न.१०२०) र मिति २०८१/१०/०३ (च.न.१३३२) को पत्रानुसार तत्काल काम सुचारु गर्न ताकेता गर्दा समेत अटेर गरी सम्झौता अनुसारको कार्य नगरेको र ठेक्का सम्झौताको म्याद समाप्त भैसक्दा समेत कार्य सम्पन्न गर्ने तर्फ कुनै चासो नदेखाएको हुँदा ठेक्का सम्झौता अन्त्य गरी अन्य कारबाही प्रक्रिया अगाडी बढाउने प्रयोजनार्थ यो सूचना प्रकाशन गरिएको छ। ठेक्का सम्झौता अन्त्य गरी अन्य कारबाही प्रक्रिया अगाडी बढाउन नपर्ने कुनै कारण भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कुनै ठोस कारण भएमा उचित प्रमाण सहित सम्बन्धित आधिकारिक व्यक्ति यस गाउँपालिकाको कार्यालयमा उपस्थित हुन मिति २०८२/०१/३० गतेको कार्यपालिका वैठकको निर्णयानुसार यो सूचना जारी गरिएको छ।तोकिएको मिति भित्र उचित प्रमाण, नियम संगत, भरपर्दो वा चित्त बुझ्दो प्रमाण पेश हुन नआएमा सम्झौतामा भएको प्रावधान तथा प्रचलित सार्वजिक खरिद ऐन तथा नियमावली बमोजिम ठेक्का सम्झौता अन्त्य गरी कालो सूचीमा राख्ने प्रक्रिया अघि बढाइने साथै कार्य सम्पादन जमानत तथा धरौटी बापत राखिएको रकम जफत गरिनेछ। सम्झौता अन्त्य भएको कारणले भएको क्षतिपूर्ति सम्झौता बमोजिमको कार्य नगर्ने निर्माण व्यवसायीबाट सरकारी बाँकी सरह असूल उपर गर्ने तर्फ कारबाही अघि बढाइने समेत यसै सूचना मार्फत जानकारी गराइन्छ |

**तपसिल :**

| क्र.स | ठेक्का न | कामको विवरण | सम्झौता मिति | ठेक्का म्याद कायम रहेको मिती | निर्माण कम्पनीको नाम र ठेगाना | आधिकारिक व्यक्तीको नाम |
|---|---|---|---|---|---|---|
| १ | BRM/WORKS/ 02/080/081 | Jhyalebhir Tyangthali Anthali Road Upgrading & Maintenance | २०८०/११/०६ | २०८१/१२/०६ | श्री अग्रगामी निर्माण सेवा, मध्यपुर भक्तपुर। | श्री सुनिल बोहरा, आधिकारिक प्रतिनिधि |

**प्रमुख प्रशासकिय अधिकृत**